रसुवामा सामुदायिक रेडियो के ?, किन ?? र कसरी ???

सुवास आगमन

सामुदायिक रेडियो के ?

सामुदायिक रेडियोको विषयमा जानकारी हुनका लागि **"सामुदायिक"** शब्दको अर्थ बुझ्नु जरुरी रहन्छ । ल्याटिन भाषाको दुईवटा शब्दहरु Com र Munis मिलेर Community (समुदाय) शब्द बनेको हो । Com शब्दले Together सँगसँग/एकैसाथ र Munis शब्दले Seuring अर्थात सेवा गर्नु/सहयोग गर्नु भन्ने बुझाउँछ । अतः समुदाय भन्नाले व्यक्तिहरुको त्यस्तो समुहलाई बुझाउँछ जो निश्चित भौगोलिक क्षेत्रमा बसेर समान प्रकारको जीवनशैली, परम्परा, रीतिरिवाज, चालचलन, अपनाउँदछन् । तिनीहरु कुनै एक उद्देश्य प्राप्तिको लागि मात्र नभएर सामान्यभन्दा सामान्य उद्देश्यको लागि पनि एक आपसमा आफन्तको भावनाले मिलेर बसी आफ्नो सम्पूर्ण जीवन त्यसै क्षेत्रमा नै व्यतीत गर्दछन् । सामुदायिक भावनाले गरिने कुनै पनि क्रियाकलापलाई "सामुदायिक" भन्न सकिन्छ । अतः सामुदायिक रेडियो भन्नाले सार्वजानिक हितको उद्देश्य राखी समुदाय विशेष संगठित समुह, निकाय वा संस्थाको माध्यमबाट गैरनाफामूलक उद्देश्य लिएर संचालन गरिने रेडियो नै सामुदायिक रेडियो हो । समुदायको स्वामित्व र व्यवस्थापनमा समुदायकै सदस्यहरुको हितका निम्ति सञ्चालित रेडियो 'सामुदायिक रेडियो' हो ।

नेपालमा सामुदायिक रेडियो

वि.सं.२०४६ सालमा बहुदलीय प्रजातान्त्रिक व्यावस्थाको पुर्नस्थापना भएपछि नेपाली जनताले केही हदसम्म शान्ति र विकासको अनुभूति गर्न पाए । २०४७ सालको संविधानमा रहेका मौलिक अधिकार नेपाली जनताले यस अघि कहिल्यै पाप्त गर्न नसकेको अधिकार थियो । संविधानमा उल्लेखित उपलब्धीलाई चाहेर/नचाहेर, ढिलो/चाँडो जनतासम्म पुऱ्याउनका लागि सरकार बाध्य भयो । २०४९ सालको राष्ट्रिय संचार नीतिमा श्री ५ सरकार निजी क्षेत्रका संगठित संस्थालाई पनि निश्चित क्षेत्रको फ्रिक्वेन्सी मोडुलेशन (एफ.एम.) प्रसारण प्रणाली स्थापना गरी शिक्षाप्रद र मनोरञ्जनात्मक कार्यक्रम प्रसारण गर्न दिने व्यवस्था गऱ्यो । यही सञ्चार नीतिका आधारमा बनेका राष्ट्रिय प्रसारण ऐन २०४९ मा शिक्षाप्रद मनोरञ्जनात्मक तथा समाचारमूलक कार्यक्रम प्रसारण गर्न एफ.एम. प्रसारण प्रणाली स्थापना गर्न सक्ने व्यक्ति वा संगठित संस्थालाई कार्यक्रम प्रसारण गर्न दिने व्यवस्था गरियो । २०५२ सालमा राष्ट्रिय प्रसारण नीतिको प्रार्दुभाव भएपछि केही समय रेडियो नेपाल आफैंले १०० मेगाहर्जमा प्रसारण सुरु गऱ्यो । २०५४ जेष्ठ ९ मा रेडियो सगरमाथाले इजाजत प्राप्त गरेपछि नेपाली सञ्चार जगतमा निजी क्षेत्रबाट एफ.एम. प्रणालीको इतिहास सुरु भएको हो । रेडियो सगरमाथाको सफल परिक्षण पश्चात हाल नेपालमा २०० भन्दा बढी एफ.एम. रेडियोहरु सञ्चालनमा रहेका छन् ।

नेपालमा अझसम्म पनि सामुदायिक रेडियो भनेर कसलाई भन्ने/नभन्ने स्पष्ट रुपमा छुट्याइएको छैन। सरकारी तवरबाट पनि सामुदायिक गैर सामुदायिक भनेर दर्ता गर्ने व्यवस्था भएको पाइदैन । निजी तथा गैर-सरकारी क्षेत्रबाट नै सामुदायको विकासका लागि नाफा नकमाउने उद्देश्यले खोलिएका/स्थापना गरिएका रेडियोहरुलाई सामुदायिक रेडियो हो भनेर छुट्याउने गरेको पाइन्छ। हाल नेपालमा प्रसारण इजाजत पाएका रेडियोमध्ये रेडियो प्रसारणमा स्वामित्व तथा उद्देश्यका दृष्ट्रिकोणले तीन वर्गमा विभाजन गरेको पाइन्छ ।

क) सरकारी तवरबाट सञ्चालित वा सार्वजानिक रेडियो

ख) नाफा कमाउन खोलिएको वा व्यापारिक प्रयोजनको रेडियो

ग) समूहको प्राधानता रहेको वा सामुदायिक रेडियो ।

सामुदायिक रेडियोलाई **"जनताद्धारा जनताका लागि सञ्चालित रेडियो"** भन्ने पनि गरिन्छ । सामुदायिक रेडियोको स्वामित्व र रेडियो सञ्चालन गर्ने अभिभारा समुदायमै रहेको हुन्छ । समुदाय भन्नाले समाजका सबै सदस्यहरुले रेडियो सञ्चालन गर्ने काममा संलग्न हुन्छन् भन्ने होइन । समुदायमा आधारित विभिन्न संघ संस्थाहरुमध्ये कुनै एक वा एक भन्दा बढी वा सबै मिलेर रेडियो चलाउन सक्छन् । रेडियो चलाउने प्रमुख उद्देश्य राखेर पनि संस्थाहरु स्थापना भएका हुन्छन् । नेपालमा सञ्चालनमा रहेका विभिन्न सामुदायिक रेडियोहरु विभिन्न संघसंस्थाहरुको स्वामित्व/नियन्त्रणमा सञ्चालित रहेका छन् । जस्तै:

रेडियो सगरमाथा - नेपाल वातावरण पत्रकार समूह नामक वातावरण र विकाससंग सम्बन्धित पत्रकारहरुको व्यावसायिक गैर-सरकारी संस्थाद्धारा सञ्चालित ।

मेट्रो - काठमाण्डौं महानगरपालिकाद्धार संचालित ।

मदन पोखरा एफ.एम.- मदनपोखरा गा.वि.स. द्धारा सञ्चालित ।

रेडियो लुम्बिनी - स्थानीय समुदायका सबै पक्ष समेटेर गठित "लुम्बिनी सूचना र सञ्चार सहकारी लिमिटेड" नामक संस्थाद्धारा सञ्चालित ।

रसुवामा सामुदायिक रेडियो किन ?

काठमाडौंबाट ७८ कि. मी. उत्तरमा चिनको स्वशासित क्षेत्र तिब्वतसँग सिमाना जोडिएको रसुवा जिल्ला नेपालको विकट हिमाली जिल्ला हो । राजनैतिक, सामजिक, आर्थिक आदि दृष्ट्रिकोणले रसुवा अरु जिल्लाको तुलनामा राजधानीबाट नजिक भएर पनि विकट रहन विवश छ । बागमती अञ्चलका जिल्लाहरुमध्ये कम साक्षारता प्रतिशत रहेको रसुवा मानव सुचाङ्क प्रतिवेदन पनि ज्यादै नै पछाडि देखिएको छ । रसुवामा सामुदायिक रेडियोको आवश्यकताको चर्चा गर्दा जिल्लाको वर्तमान सञ्चार स्थितिलाई नजिकबाट बुझ्नु जरुरी हुन्छ ।

रसुवामा सञ्चारको वर्तमान स्थिति

रसुवामा हालसम्म दुइवटा पत्रिकाहरु दर्ता भएका छन् । **'नयाँ प्रवाह'** नामक त्रैमासिक पत्रिका विगत १ वर्षदेखि निरन्तर प्रकाशनमा रहेको छ भने **'लाङटाङ पोष्ट'** मासिक पत्रिका २०६७ वैशाखदेखि प्रकाशनमा आउने प्रयासमा रहेको छ । नेपाल पत्रकार महासंघको जिल्ला शाखाको तदर्थ समिति भर्खरै मात्र गठन भएको छ र स्वीकृति लिने प्रकृयामा रहेको छ । भौगोलिक विकटताका कारण कुनैपनि पत्रपत्रिकाहरु सदरमुकाम आइपुग्न १२ घण्टा भन्दा बढी समय लाग्ने गरेको छ । सदरमुकाम र जिल्लाका केही सडकले छोएका व्यापरिक केन्द्रभन्दा अन्य ठाउँमा पत्रपत्रिकाहरु विक्री वितरण हुन सकेको छैन । उच्च हिमाली भौगोलिक स्थितिका जटिलताका कारण कुनै पनि टेलिभिजन च्यानलहरु हेर्न सकिँदैन् । तर सदरमुकाम लगायतका केही व्यापारिक केन्द्रहरुमा प्राइभेट स्तरमा केबलहरु भने सञ्चालनमा रहेका छन् । दुर्गम गाउँका रसुवालीहरु टेलिभिजन तथा पत्रपत्रिकाहरुबाट वञ्चित छन् । रेडियोको स्थिति झनै नाजुक छ । रेडियो नेपालको प्रसारण जिल्लाको केही तल्लो भागमा मात्र सुनिन्छ भने माथिल्लो भागमा सुनिदैन् । हालसम्म स्थानीय स्तरमा सञ्चालित कुनै पनि एफ.एम. रहेको छैन भने वरिपरि सिमाना जोडिएका जिल्लामा सञ्चालित एफ.एम. रेडियोको प्रसारण पनि त्यति राम्रो सुनिदैन । रसुवामा कुनै छापाखाना तथा प्रेस दर्ता/सञ्चालन भएका छैनन् । यसरी रसुवा जिल्ला सुचना तथा संञ्चारका दृष्ट्रिकोणले अत्यन्तै पछाडि रहेको छ । नगन्य जनता, समुदायमात्र सूचना प्राप्तिको विश्वव्यापी अधिकार प्राप्त गर्न सफल रहेका छन् ।

रसुवाको भौगोलिक स्थिति, शैक्षिक, सामाजिक, आर्थिक स्थिति र विकासक्रमलाई हेर्दा सामुदायिक रेडियोको विकल्प नै देखिदैन । २८% जनता साक्षर

रहेको ठाउँमा प्रत्रपत्रिका मात्र सूचनाको सही श्रोत हुन सक्दैन । त्यसमा पनि रसुवाको भौगोलिक विकटताका कारण शिक्षित जनताका हातमा सही समयमा पत्रिका पुऱ्याउनु चानचुने कुरा होइन्। गरीव जनताको हातमा टेलिभिजन पुऱ्याउनु एकादेशको कथा नै भएको छ । यी यावत विषयहरुबाट हामी सहजै बुझ्न सक्छौँ कि रसुवामा सञ्चारको विकासको कोषेढुङ्गा भने कै सामुदायिक रेडियो हो । यो नै रसुवा सुवाउँदो, सस्तो, भरपर्दो प्रभावकारी आमसञ्चारको माध्यम हो भन्ने कुरामा सायद दुइमत नहोला ।

असाधारण सिमाना जोडिएको जिल्लाहरु जस्तै: नुवाकोट, धादिङ्ग, सिन्धुपाल्चोक आदिमा रेडियो स्थापना भैसकेको सन्दर्भमा हामीले पनि रसुवामा सामुदायिक रेडियोको स्थापना गर्नु आवश्यक छ। रसुवा साँस्कृतिक हिसाबले ज्यादै नै धनी रहको छ । बाह्मण, क्षेत्री, तिव्वतीयन र तामाङ साँस्कृतिले युक्त रसुवा यदाकदा सुनिने रेडियो नेपालका कार्यक्रमहरुले रसुवाको आवश्यकता पूर्ति गर्न सक्दैनन् र विविध संस्कृतिमाथि न्याय पनि गर्न सक्दैनन् । आफ्नै वरिपरिको गीत, संगीत, संस्कृति, साहित्य, परिवेश विकासका सामग्री पस्कने रेडियो नै सामुदायिक रेडियो हो। यो सांस्कृतिक विविधताको संरक्षण र विकासका दृष्टिकोणले पनि रसुवामा सामुदायिक रेडियोको टड्कारो आवश्कता रहेको छ ।

रसुवामा सामुदायिक रेडियो कसरी ?

सामुदायिक रेडियो व्यवस्थापन र सञ्चालनको निरन्तरता एउटा सोचनीय विषय रहेको छ । नेपालमा दर्ता भएका र सञ्चालनमा रहेका सामुदायिक रेडियोहरुको एकै किसिमको स्थिति रहेको छैन। कतिपय रेडियो दर्तामा मात्र नै सिमित भइरहेका छन् भने कतिपय रेडियो दर्ता भए पश्चात बन्द हुन पुगेका छन्। सामुदायिक रेडियोको सञ्चालनमा मेरुदण्ड भनेको नै आर्थिक श्रोत हो। नेपालमा दर्ता र सञ्चालनमा रहेको रेडियोहरुले भोग्नुपरेको समस्या नै आर्थिक समस्या हो । एक अर्थमा विकासोन्मुख राष्ट्रको सामुदायिक रेडियोको निरन्तरताको भविष्य नै आर्थिक पक्षसँग जोडिएको हुन्छ । यी परिवेशमा रसुवामा संचालन गरिने चर्चा गरिएको सामुदायिक रेडियो सञ्चालन प्रकृयाको विषयमा यहाँ प्रष्ट्याउने जमर्को गरिएको छ ।

दुर्गम नेपाल (REMOTE NEPAL)*

यो संस्था जिल्ला प्रशासन कार्यालय रसुवामा दर्ता भएका गैरनाफामूलक, गैरराजनीतिक, सामाजिक संस्था हो । जसले **"रसुवा सामुदायिक एफ.एम - १००.९ मेगाहर्ज"** यही २०६७ सालको लोकतन्त्र दिवसको सुखद दिन पारेर रसुवाको आकाशमा "रसुवा सामुदायिक रेडियो" को तरङ्ग पुऱ्याउने योजनामा दुर्गम नेपाल हिजैदेखि लागिपरिरहेको छ ।

एफ.एम. स्थापनाको लागि लाग्ने कुल समय १२ महिनामध्ये पहिलो चरणको ८ महिना कार्यालय व्यवस्थापन, अनुसन्धान जनशक्ति उत्पादन, दर्ता प्रकृया आदि वित्ने छ भने दोश्रो चरणको ४ महिना उपकरण खरिद, उपकरण जडान, स्टुडियो निर्माण, सामग्री संकलन तथा परिक्षण प्रसारण कार्यहरु सम्पन्न हुनेछन् ।

निरन्तर आर्थिक संकलनका उपायहरु

- लाङटाङ राष्ट्रिय निकुञ्ज रसुवा घुम्न आउने विदेशी पर्यटकबाट निश्चित रकम संकलन गर्ने ।
- रसुवा जिल्लामा प्रवेश गर्ने सवारी साधनबाट निश्चित रकम संकलन गर्ने ।
- वर्षेनी लाग्ने गोसाईकुण्ड मेलामा आउने श्रद्धालु भक्तजनबाट निश्चित रकम संकलन वा गोसाइकुण्डको चिनो स्वरुप उपहार सामग्री उत्पादन र बिक्री ।
- स्थानीय निकाय गा.वि.स. तथा जि.वि.स. बाट पाँच वर्षसम्म विशेष आर्थिक अनुदान दिने ।
- संस्थाकै मातहतमा वचत तथा ऋण सहकारी संस्था संञ्चालन गरी आय आर्जनमूलक कार्यक्रम सञ्चालन तथा महिला जागरण र शशक्तिकरण कार्यक्रम सञ्चालन गर्ने ।
- जिल्लामा आउने जुनसुकै गैरसरकारी संस्थाहरुबाट उनीहरुले सञ्चालन गर्ने कार्यक्रमका स्वभाव, आकार हेरी निश्चित रकम संकलन गर्ने ।
- अन्य श्रोतहरु ।

यी विविध विषयका साथसाथै सामुदायिक रेडियोको प्रभावकारी सञ्चालनका लागि आवश्यकता र औचित्य प्रमाणित नभएसम्म घटिमा १० वर्षसम्म कोही कसैले पनि कुनै निकायबाट अर्को रेडियो स्थापना नगर्ने तर सबैले आ-आफ्नो क्षेत्रबाट यही रेडियोलाई मद्दत गर्नु अपरिहार्य हुन्छ ।

समस्या र चूनौतिहरु

नेपालमा अहिले सामुदायिक रेडियो प्रसारकहरुले प्राविधिक, आर्थिक तथा व्यवसायिक चूनौतिहरु गरी तीन प्रकारका समस्याहरु भोलिरहेका छन् । निर्माणाधिन **"रसुवा सामुदायिक एफ.एम"** मा पनि यी तीन समस्याहरु नै प्रमुख समस्याका रुपमा रहेका छन् । रसुवा हिमाली जिल्ला, विकट र कम साक्षर रहेका कारण पनि प्राविधिक समस्या अन्य क्षेत्रको तुलनामा बढी नै पर्ने देखिन्छ । रेडियो उपकरण निर्माण, जडान र मर्मत सम्बन्धी तालिम प्राप्त कोही पनि छैनन र उक्त तालिम प्राप्त गर्न सकिने जिल्ला स्थित कुनै निकाय पनि छैन । यसले प्राविधिक क्षेत्रमा ठुलो समस्या देखाउँछ । आर्थिक क्षेत्रमा विश्वव्यापी रुपमा देखिएको मन्दी सँगसँगै **"रसुवा सामुदायिक एफ.एम."** मा पनि ठूलो समस्या पर्दछ । आर्थिक समस्या नदेखिएको काम विरलै होला तर अन्य क्षेत्र, जिल्लाको दाँजोमा रसुवामा धेरै श्रोत रहेका छन जस्ले सम्भावित आर्थिक दुरुपयोगलाई न्यूनीकरण गर्न मद्दत पुऱ्याउने छ ।

रसुवामा सामुदायिक रेडियोको प्रभावकारी प्रसारणमा प्राविधिक समस्या एक जटिल समस्याको रुपमा देखा पर्दछ । जसको अन्तरसम्बन्ध आर्थिक पक्षसँग सिधा जोडिएको हुनेछ । रसुवा हिमाली जिल्ला हो । धेरै नै अग्ला अग्ला पहाडहरु ले भरिएको रसुवामा करिब ३००० मि. को उचाइमा पनि मानववस्ती सजिल्यै भेटिन्छ । उचाइमा मात्र नभई सोही अनुरुपको खोचमा पनि वस्ती रहेको छ । यसर्थ प्राविधिक रुपले कुन क्षेत्रमा टावर राख्न उपयूक्त हुन्छ भनि व्यापक अध्ययन अनुसन्धान पनि खर्चिलो विषय हो भने टावर राख्न उपयूक्त देखिएको स्थान Radio station राख्न उपयूक्त नठहर्न पनि सक्दछ । रेडियो स्टेसन हुनका लागि विशेष पूर्वाधारयूक्त स्थान हुन जरुरी छ । पानी, यातायात, सञ्चार, स्वास्थ्य र बिजुली बत्तिको अनिवार्य सुविधारहेको क्षेत्र मात्र स्टेसन निर्माणको लागि उपयूक्त ठहर्दछ । यदि थप जनशक्ति र प्रविधिको जरुरत गराउँदछ जुन खर्चिलो हुन जान्छ ।

निम्न आय भएका गरिबी जनता, सिमित स्रोत साधन र भौगोलिक विकटताको रहेको रसुवाको समाज र त्यही समाजमा मात्र निर्भर भएर रेडियो चलाउने पत्यत्न गर्नु आफैमा कम सहासीक कार्य भने होइन । रसुवा जिल्ला भौगोलिक रुपमा ज्यादै ठूलो रहेको छ र धेरै अग्ला अग्ला हिमाल र पहाडहरु रहेका छन् । तसर्थ पुरै जिल्ला समेट्ने प्रसारण गर्नका लागि धेरै वाट क्षमताको Radio Transmitter जडान गर्नुपर्ने देखिन्छ जसले आर्थिक भार थप वृद्धि गरिदिन्छ ।

उपसंहार

जहाँ इच्छा त्यहाँ उपाय भनेझैं रसुवामा सामुदायिक रेडियो निर्माणका यी यावत समस्या र चूनौति रहेतापनि सबै पक्षहरु एकतावद्ध भएर सामुहिक पहल गर्ने हो भने सजिलै कठिनाइहरु पार गर्न सकिन्छ । नयाँ नेपालको संघीय स्वरुपको खाका कोरिदै गरेको संघारमा सञ्चालनको चर्चामा रहेको रसुवा सामुदायिक रेडियोले नयाँ नेपाल निर्माणमा रसुवा जिल्लावासीहरुलाई सचेत, जागरुक, र कर्तव्यनिष्ठ बनाउनेछ भन्ने कुरामा कसैको दुइमत नहोला । एफ.एम रेडियोहरु सञ्चालनमा आउने र बन्द हुने क्रम ज्यादै नै बढिरहेको वर्तमान परिप्रेक्ष्यमा आवश्यक पूर्वाधार र पूर्वतयारी मार्फत निर्माण गरिने रसुवा सामुदयिक रेडियो हाल नेपालमा सञ्चालनमा रहेको रेडियोहरुको प्रतिनिधि रेडियो वा नमूना रेडियो पनि बन्न सक्नेछ भन्ने सम्भावनालाई हामी सबैले आत्मसाथ गर्नु जरुरी छ ।

* जि.प्र.का.द.नं.१८६/०६४/०६५स.क.प.द.नं. २४७११
सचिव, दुर्गम नेपाल (REMOTE NEPAL) धुन्चे, रसुवा
subashagaman@yahoo.com
www.subashacharya.com.np
www.remotenepal.org

चिलिमे

"प्रतिभापुञ्ज"

वार्षिक पुस्तिका

वर्ष ३, अङ्क ३ २०६७ साल वैशाख

प्रमुख सल्लाहकार
श्री लिलानाथ भट्टराई
सल्लाहकार
श्री सन्त बहादुर पुन
डा. श्री डम्बर बहादुर नेपाली
श्री प्रकाशमान श्रेष्ठ
श्री हितेन्द्रदेव शाक्य
श्री मिलाप बहादुर पाण्डे
श्री माधवप्रसाद कोइराला
श्री प्रहलाद चौधरी
संरक्षक
श्री राजकुमार बलाल
सम्पादक मण्डल
रामप्रसाद घिमिरे
उमेश भट्टराई
प्रकाशबहादुर कार्की
दिपकराज पन्त
नारायणसिंह गुरुङ
कान्छाबाबु तामाङ
सहयोगी
श्रीराज बज्राचार्य
दलबहादुर श्रेष्ठ
व्यवस्थापक
चिलिमे जलविद्युत कम्पनी (लि.)
प्रकाशक
चिलिमे जलविद्युत कम्पनी कर्मचारी
युनियन स्याफ्रुबेशी, रसुवा
सम्पर्क कार्यालय
प्रतिभापुञ्ज प्रकाशन समिति
E-mail: pratibhapunja@gmail.com
फोन नं. ०१९-५३४००१
मुद्रण
श्री चन्द्रज्योति प्रेस एण्ड पब्लिकेसन प्रा.लि.
भीमसेनगोलामार्ग, काठमाण्डौं
फोन नं. ०१-४४९९१५८

सम्पादकीय

प्रकाशनको ह्याट्रिक गर्दै..............

वि.सं. २०५२ कार्तिक १४ गते स्थापना भएको चिलिमे जलविद्युत कम्पनीको १४ औं स्थापना दिवसको अवसरमा "चिलिमे प्रतिभापुञ्ज" वार्षिक पुस्तिकाको तेश्रो अंक, २०६७ बैशाख प्रकाशनको लागि प्रोत्साहन र प्रेरणा प्रदान गर्नुहुने श्रद्धेय प्रबन्ध सञ्चालक श्री लिलानाथ भट्टराईज्यू तथा केन्द्र प्रमुख श्री राजकुमार बलालज्यूलाई हृदयदेखि नै विशेष धन्यवाद अर्पण गर्दछौं । प्रकाशनको अभिभारा सुम्पने चिलिमे जलविद्युत कम्पनी कर्मचारी युनियनलाई पनि विशेष धन्यवाद दिन चाहन्छौं । साथै हामीले यस पुस्तिका प्रकाशनको दौरानमा पाठक तथा लेखकहरुका अमूल्य सुझावहरुलाई उच्च प्राथमिकताका साथ ग्रहण गरेका छौं ।

चिलिमे जलविद्युत कम्पनीका कर्मचारीहरुको गतिविधि लगायत स्थानीय सरोकारदेखि जलविद्युत क्षेत्रका विशेषज्ञ एवम् जलविद्युतसंग सरोकार राख्ने सरोकारवालाहरुमा व्याप्त साझा मन्चको अभावलाई अभिव्यक्त गर्दै अवसरबाट वञ्चित विभिन्न प्रतिभाहरु एकत्रित हुने एक साझा थलोको रुपमा यो पुस्तिकाको निरन्तर यात्रामा सहभागी सबै लेखक, रचनाकारहरुको अमूल्य माया नै यो पुस्तिका प्रकाशनको उर्जा बनेको छ । विभिन्न प्राविधिक तथा वातावरणीय प्रतिकूलताहरुलाई चिर्दै सम्पन्न भएको चिलिमे जलविद्युत आयोजना निर्माण र २०६० साल भाद्र ८ गतेबाट अविछिन्न केन्द्र सञ्चालनका दौरानमा संगालेका अनुभव तथा अनुभूतिहरुलाई उजागर गर्ने, यसको निर्माण कालदेखि हालसम्मका कर्मचारीहरुमा सुषुप्त अवस्थामा रहेका प्रतिभाहरुलाई प्रस्फुटन गर्ने तथा स्थानीय प्रतिभाहरुलाई समेत अभिव्यक्त गर्ने साझा चौतारीको रुपमा यो वार्षिक पुस्तिका चिलिमे प्रतिभापुञ्जको जन्म भएको थियो ।

प्रतिभापुञ्ज वार्षिक पुस्तिका प्रकाशन गर्ने हाम्रो कठीन कार्यमा आफ्नो कार्य व्यस्तताका बाबजुद पनि अमूल्य लेख रचनाहरु उपलब्ध गराई हामीलाई सहयोग गर्नु हुने सम्पूर्ण लेखक महानुभावहरुप्रति हार्दिक आभार व्यक्त गर्दै आगामी दिनहरुमा पनि यस्तै लेखरचनाहरु प्राप्त हुने अपेक्षा राखेका छौं ।

विविध सीमाहरु र सीमित पृष्ठका कारण प्राप्त केही लेखरचनाहरुलाई हुबहु प्रकाशन गर्न नसकिएकोमा यहाँहरुले सहजतापूर्वक लिनु हुनेछ भन्ने विश्वास लिएका छौं । अन्त्यमा नयाँ वर्षको सबैलाई शुभकामना ।

"देशलाई लोडसेडिङ मुक्त बनाउनको निम्ति सरकार, राजनीतिक दल एवं स्थानीय जनता एकजुट बनी निजी क्षेत्रको लगानीलाई सुनिश्चित पारौं । लोडसेडिङ तत्काल हटाउन सबै विकल्प खुला राखौं ।"

विषयसूची

१.	मेरा सफल सपना र अधूरा इच्छाहरू	१
२.	Linkages and Hydropower Development in Nepal	५
३.	Our Bijuli Adda – Its Culture and Flavour	७
४.	अदृश्य शोनाम	११
५.	Water Resources Planning and Management in New Nepal	१२
६.	चिलिमेमा डेढ दशक	१४
७.	प्यासी मन	१५
८.	चिलिमेमा कर्मचारी युनियनको शुरुवात, आवश्यकता र महत्व	१६
९.	The History of the Tunnel	१९
१०.	जलविद्युतमा लगानीकर्ताहरुको चुनौति	२१
११.	जलविद्युत विकासमा सामाजिक वातावरण व्यवस्थापनका चुनौतिहरु	२२
१२.	निःशब्द नदीहरु	२५
१३.	In Search of Wisdom: The Dilemma of a Truth Seeker	२६
१४.	आजको मान्छे	२९
१५.	BEARINGS	३०
१६.	रसुवामा सामुदायिक रेडियो के ?, किन ?? र कसरी ???	३५
१७.	सार्वजनिक यातायातको आवश्यकता र महत्व	३९
१८.	CARBON DIOXIDE AUTOMATIC FIRE EXTINGUISHING SYSTEM	४१
१९.	हाइकु	४४
२०.	छोरा र छोरी दुवैलाई शिक्षा देऊ	४४
२१.	परिवर्तन आफैंबाट शुरु गरौं	४५
२२.	नेपालमा जलविद्युतको विकास र स्थानीय सरोकार	४७
२३.	मेरो स्याफ्रुबेशी, श्यामेवाङफेल र चिलिमे	४९
२४.	साञ्जेन हाइड्रोपावर र रसुवा जिल्ला	५३
२५.	नेपालमा जलविद्युतको ऐतिहासिक विकासक्रम	५४
२६.	E-Government and E-Governance	५७
२७.	म काठमाडौंमा ठूलो भुईचालो आएको देख्न चाहन्छु	५९

चिलिमे जलविद्युत कम्पनी कर्मचारी युनियन
Chilime Hydro Power Company Employee Union
२०६६

चिलिमे प्रतिभापुञ्ज

वार्षिक पुस्तिका २०६७ वैशाख, वर्ष ३, अंक ३